म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

सम्वृद्धि प्रकाशन प्रा. लि
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६६/०७०

वर्षः१७ अङ्कः- १६८ २०८३ वैशाख २८ गते सोमबार 11 May 2026, Monday पृष्ठ ४ मूल्य रु. ५/-

## खेलकुद महोत्सवको पुरस्कार वितरण

हेटौंडाः हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ को आयोजना र शैक्षिक गुणस्तर सुधार समितिको व्यवस्थापनमा सम्पन्न 'तेस्रो वडा खेलकुद महोत्सव' का विजेताहरूलाई पुरस्कार वितरण गरिएको छ । हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयको सभाहलमा आइतबार एक कार्यक्रमका बिच खेलकुद महोत्सवमा विजयी विद्यालय, विद्यार्थी तथा शिक्षकलाई शिल्ड, मेडल तथा प्रमाणपत्र वितरण गरिएको हो ।

गत पुस र माघ महिनामा सञ्चालित विभिन्न प्रतियोगिताका विजेताहरुलाई पुरस्कार वितरण गरिएको हो । महोत्सवअन्तर्गत नगरस्तरीय छात्र फुटबल, भलिबल, क्रिकेट, बास्केटबलका विजेता र उपविजेता विद्यालय तथा विद्यार्थीलाई शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिएको छ । ४ नम्बर वडाका सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थी सहभागी भएको निबन्ध लेखन, वादविवाद, कविता लेखन, नेपाली हिज्जे, वक्तृत्वकला र हाजिरीजवाफ प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई मेडल तथा प्रमाणपत्र प्रदान गरिएको छ ।

वडा भित्रका सामुदायिक तथा संस्थागत विद्यार्थीको सहभागितामा भएको विभिन्न एथ्लेटिक्स प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई पनि मेडल तथा प्रमाणपत्र वितरण बाँकी पृष्ठ ४ मा...

# विद्यार्थी संख्यामा भन्दा गुणस्तर सुधार गर्ने : प्रअ घिमिरे

सुमिना चौलागाई

हेटौंडा : हेटौंडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयले आफ्नै उत्पादनलाई प्राथमिकता दिने उद्देश्यसहित यस शैक्षिक सत्रमा माथिल्लो कक्षामा सीमित विद्यार्थी भर्ना गर्ने नीति अवलम्बन गरेको छ। विद्यालयले तल्लो तहमा विद्यार्थी संख्या बढाउँदै आधारभूत तहको शैक्षिक गुणस्तर सुधारमा विशेष ध्यान केन्द्रित गरेको जनाएको छ । विद्यालयले यस वर्ष नयाँ शैक्षिक सत्रमा स्थानीय विद्यार्थीहरुलाई प्राथमिकता दिएको छ ।


प्रधानाध्यापक सूर्यप्रसाद घिमिरे

विद्यालयका प्रधानाध्यापक सूर्यप्रसाद घिमिरेका अनुसार यस शैक्षिक सत्रमा स्थानीय विद्यार्थीको संख्या बढाउने उद्देश्य रहेको छ । विद्यालयमा स्थानीय विद्यार्थीको आकर्षण कम रहेको उहाँको भनाई छ । विद्यार्थी संख्यामा भन्दा पनि यस वर्षबाट शैक्षिक गुणस्तरमा ध्यान दिने प्रधानध्यापक घिमिरे बताउनुभयो ।

गुणस्तर बढाउनकै लागि अघिल्ला वर्षहरूको तुलनामा यसवर्ष माथिल्लो कक्षामा निकै कम विद्यार्थी भर्ना गरिएको छ । विद्यालयमा विद्यार्थीको चाप बढी भएका कारण कक्षाकोठाको अभाव हुने भएकाले विद्यार्थी भर्ना कम गरेको प्रधानाध्यापक घिमिरेले बताउनुभयो । गत वर्ष २ हजार १ सय जना विद्यार्थी रहेका थिए। बाल कक्षादेखि ३ कक्षासम्म एउटा सेक्सन सञ्चालन गर्दै आएकोमा विद्यार्थी संख्या बढी भएकाले यस वर्षबाट दुई वटा सेक्सन सञ्चालन गर्न लागिएको उहाँले बताउनुभयो ।

गतवर्ष कक्षा ६ मा ४ वटा सेक्सन सञ्चालन भए पनि यस वर्ष २ वटा कक्षा सञ्चालन गर्ने उहाँले जानकारी दिनुभयो । कक्षा ७ र ८ मा ४ वटा सेक्सन, कक्षा ९ मा ६ वटा र कक्षा १० मा ५ वटामात्र सेक्सन सञ्चालन गर्ने योजना रहेको प्रधानाध्यापक घिमिरेले बताउनुभयो । चालु शैक्षिक सत्रमा कक्षा ४ मा २१ जना, कक्षा ५ मा २६ जना, कक्षा ६ मा २० जना, कक्षा ७ मा ४० जना, कक्षा ८ मा २५ जना तथा कक्षा ९ मा एक सय जना विद्यार्थी भर्ना भएका छन् ।

प्रधानाध्यापक घिमिरेका अनुसार विद्यालयले आधारभूत तहदेखि नै विद्यार्थीको शैक्षिक आधार बलियो बनाउन साना कक्षामा विद्यार्थी संख्या सीमित राखेर गुणस्तरीय पठनपाठन गराउने योजना बनाएको छ । विद्यालयले बालकक्षादेखि नै गुणस्तरीय शिक्षामा जोड दिँदै मन्टेश्वरी तालिम प्राप्त शिक्षकको व्यवस्था गरेको छ भने साना बालबालिकालाई खेल्दै सिक्ने वातावरण उपलब्ध गराउन 'गेमिङ जोन'समेत सञ्चालनमा ल्याएको छ।

यसवर्ष विद्यालयले भर्ना प्रक्रियामा नयाँ अभ्याससमेत सुरु गरेको छ । गत वर्षको तुलनामा विद्यार्थीको नियमित उपस्थितिमा कमी नआओस् भन्ने उद्देश्यले प्रत्येक विद्यार्थी र अभिभावकसँग अनिवार्य अन्तरवार्ता लिएर मात्र भर्ना गरिएको घिमिरेले बताउनुभयो । विद्यालयमा विशेषगरी तराई-मधेस क्षेत्रका विद्यार्थीहरूको आकर्षण उच्च रहेको भए पनि सीमित सिटका कारण भर्ना संख्या नियन्त्रण गरिएको बताइएको छ।

विद्यालयले शैक्षिक गुणस्तर सुधारलाई केन्द्रमा राख्दै तहगत संयोजक, कक्षा प्रधान शिक्षक तथा विषयगत क्लबहरूको व्यवस्था गरेको छ। कक्षा ६ देखि १० सम्म विभिन्न विषयगत क्लब सञ्चालन गरिएका छन् । साथै विद्यार्थीहरूमा नेतृत्व क्षमता विकास गराउन विद्यालय क्याप्टेन, भाइस क्याप्टेन तथा सदनगत क्याप्टेनको निर्वाचनसमेत नियमितरूपमा गरिँदै आएको छ । प्रधानाध्यापक घिमिरेका अनुसार यसले विद्यार्थीहरूलाई लोकतान्त्रिक प्रक्रिया र निर्वाचन प्रणालीबारे व्यवहारिक ज्ञान दिने काम गरेको छ।

विद्यार्थीको नियमितता र प्रगति अनुगमन गर्न विद्यालयले दैनिक तथा मासिक प्रतिवेदन प्रणाली लागू गरेको छ । हरेक दिन अनुपस्थित विद्यार्थीको विवरण संकलन गरी अभिभावकसँग सम्पर्क गर्ने गरिएको छ भने मासिक रूपमा अनुपस्थितिको समीक्षा गरेर आवश्यक सुधारात्मक कदम चालिने गरेको उहाँले बताउनुभयो। विद्यालयले विद्यार्थीको नतिजा सुधारका लागि उपचारात्मक तथा सुधारात्मक कक्षासमेत सञ्चालन गर्दै आएको छ। विषयगत शिक्षकहरूले विद्यार्थीको सिकाइ अवस्था पहिचान गरी कमजोर पक्ष सुधार गर्न विशेष कक्षा सञ्चालन गर्ने गरेका छ। प्रत्येक शिक्षकले वार्षिक कार्ययोजना तयार गर्ने तथा शिक्षण सामग्री निर्माणमा पनि जोड दिइएको प्रधानाध्यापक घिमिरेले बताउनुभयो ।

विद्यार्थीमैत्री वातावरण निर्माणका लागि विद्यालयले बालमैत्री शौचालय, स्वच्छ खानेपानी, दिवा खाजा, सुविधा सम्पन्न किड्स जोन तथा प्रविधिमैत्री कक्षाको व्यवस्था गरेको छ। अतिरिक्त क्रियाकलापलाई प्रभावकारी बनाउन छुट्टै संयोजकको व्यवस्था गरेको र हरेक हप्ता विभिन्न सह-पाठ्यक्रम गतिविधि सञ्चालन गर्दै आएको मावि संयोजक संगीता उप्रेतीले बताउनुभयो। वडा अध्यक्ष नै विद्यालय व्यवस्थापन समितिको अध्यक्ष रहेकाले शिक्षा र स्वास्थ्य क्षेत्रमा विद्यालयले थप सहयोग र प्रोत्साहन पाएको प्रधानाध्यापक घिमिरेले बताउनुभयो । स्थानीय सरकारको सक्रिय सहयोगले विद्यालयको गुणस्तर सुधारमा सकारात्मक प्रभाव परेको उहाँको भनाइ छ।

अभिभावक सहभागितालाई बलियो बनाउन विद्यालयले नियमित भेटघाट तथा अन्तरक्रिया गर्दै आएको छ । विद्यालय र विद्यार्थीप्रति चासो राख्ने तथा रचनात्मक सुझाव दिने अभिभावकलाई वार्षिक रूपमा सम्मान र पुरस्कारसमेत प्रदान गर्ने गरिएको उहाँले बताउनुभयो। टाढा रहेका तराई-मधेसका अभिभावकहरू प्रत्यक्ष उपस्थित हुन नसक्ने भएकाले प्रतिनिधिमार्फत सहभागिता जनाउने गरेका छन् । विद्यालयले बालअधिकार, नेतृत्व क्षमता र सामाजिक उत्तरदायित्व विकासका लागि स्काउट, रेडक्रस, बाल क्लबलगायत कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसले विद्यार्थीहरूमा नेतृत्व क्षमता, अनुशासन र सामाजिक चेतना अभिवृद्धि गर्न मद्दत पुग्ने विश्वास लिएको उप्रेतिले बताउनुभयो ।

हाल भुटनदेवी माध्यमिक विद्यालयमा कक्षा १२ सम्म २ हजार १ सय ९० जना विद्यार्थी अध्ययनरत छन् । २०८२ सालको एसईईमा विद्यालयबाट २ सय ७८ विद्यार्थी सहभागी भएका छन्, जसमा साधारण धारतर्फ २ सय ३८ र प्राविधिक धारतर्फ ४० जना छन् । अघिल्लो वर्ष करिब ६३ प्रतिशत विद्यार्थी उत्तीर्ण भएकोमा यस वर्ष अझ राम्रो नतिजा आउने अपेक्षा गरिएको विद्यालय प्रशासनले जनाएको छ । विद्यालयले यस वर्षबाट कक्षा ११ मा होटेल म्यानेजमेन्ट र शिक्षाशास्त्रको पठनपाठन गराउने योजना रहेको प्रधानाध्यापक घिमिरेले बताउनुभयो ।

# विद्यार्थी संख्याअनुसारको शिक्षक र कक्षाकोठा छैन : प्रअ पौडेल

नानीमाया सापकोटा

हेटौंडा : मनहरी गाउँपालिका-७, मनहरी बजारस्थित राष्ट्रिय रोटरी माध्यमिक विद्यालय ऐलानी जग्गामा निर्मित विद्यालय हो । यो विद्यालयका साथै वडाभित्र रहेका अन्य दुई वटा विद्यालयमध्ये एउटा आधारभूत विद्यालय नम्बरी जमिनमा सञ्चालित छ भने दुबै माध्यमिक विद्यालयहरु ऐलानी जग्गामा बनेका हुन् । विद्यालयमा कक्षा इसिइडीदेखि कक्षा १२ सम्म पढाइ हुन्छ ।


प्रधानाध्यापक गोविन्द पौडेल

गाउँपालिका त्यसमाथि पनि एउटै वडामा दुईवटा माध्यमिक तह सञ्चालन भएपनि यस विद्यालयमा विद्यार्थी संख्या करिब १ हजार २ सयको हाराहारीमा छन् । यद्यपि विद्यार्थी संख्याको तुलनामा परीक्षाको नतिजा एकदम न्यूनमात्र देखिन्छ । विद्यालयका प्रधानाध्यापक गोविन्दप्रसाद पौडेलका अनुसार अघिल्लो वर्ष विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (एसईई) मा ८७ जना सहभागी भएकोमा जम्मा ३५ प्रतिशत विद्यार्थीमात्र उत्तीर्ण हुन सफल भएका थिए । यसवर्ष ६२ जना परीक्षामा सामेल भएका छन् । यीमध्ये ५० प्रतिशत उत्तीर्ण हुने विद्यालयको अपेक्षा छ । हाल विद्यालयमा शिक्षकको दरबन्दी १७ जनामात्र रहेकोले विद्यालयले निजी स्रोतबाट १२ जना शिक्षकहरु नियुक्त गरेको छ ।

विद्यालयमा विद्यार्थीको नतिजा कमजोर हुनुमा अभिभावकको चासो कम हुनु पनि भएको प्रधानाध्यापक पौडेलको भनाइ छ। अभिभावकहरुले आफ्ना बालबालिकाको पठन संस्कृति बढाउन वास्ता नै नगर्ने गरेको प्रति उहाँको गुनासो छ । यस्तै पालिकामा विभिन्न समयमा बालबिवाहका घटना हुने हुँदा यसले पनि विद्यालयलाई समस्यामा पारेको उहाँले बताउनुभयो। यसवर्ष कक्षा ९ का ३ जना बालिकाहरु सम्पर्कविहीन हुँदै बालविवाह गरेको खबर पाएको घटनाले चिन्तित बनाएको प्रधानाध्यापक पौडेलले बताउनुभयो ।

अभिभावकहरु अन्य बेलामा त विद्यालयको सम्पर्कमा आउँदैनन्, अभिभावक भेलामा समेत न्यून सहभागी हुने गरेको विद्यालयले जनाएको छ । यस्तै, जिल्लाको राक्सिराङ र कैलाश गाउँपालिकाबाट कोठा भाडामा लिई पढ्न बसेका विद्यार्थीहरुका अभिभावक पनि नहुने र कतिपय विद्यार्थीहरुको अभिभावकसमेत बिदेशमा रहेकाले अभिभावकहरुसँग कुनै सम्पर्क नै हुन नसक्दा विद्यालयलाई समस्या झनै थप भएको उहाँको भनाइ छ। अघिल्लो वर्ष विद्यालयले कक्षा ५, ८, १० र १२ लाई अतिरिक्त कक्षा सञ्चालन गरेको थियो । कक्षा १० लाई बन्द शिविरमा नराखे पनि बिहान ६ बजेदेखि अपरान्ह ४ बजेसम्म पठनपाठन सञ्चालन गरेको प्रधानाध्यापक पौडेलले जानकारी दिनुभयो । यस्तै, रोटरी क्लब अफ हेटौंडाले ६ देखि १० कक्षाका लागि अत्याधुनिक कम्प्युटर ल्याब स्थापना गरेपछि विद्यालयलाई सहज भएको छ।

२० वटा कम्प्युटरसहितको ल्याबले विद्यार्थीहरुलाई कम्प्युटरको प्रयोगात्मक पक्षलाई अबको दिनमा बलियो बनाउने अपेक्षा विद्यालयले लिएको छ । यस्तै अघिल्लो वर्ष वर्षे बिदामा समेत सिकाइ क्षमतामा कमी भएका विद्यार्थीहरुका लागि छुट्टी कक्षा सञ्चालन गरिएको थियो। यस कक्षामा भाषागत कमी कमजोरी भएको विद्यार्थीहरुलाई विशेष प्राथमिकता दिएर सिकाइ कार्यक्रम गरिएको उहाँले उल्लेख गर्नुभयो । यस्तै विद्यालयले यसअघि नै साना पूर्वप्राथमिक तहका कक्षामा टेलिभिजनमार्फत र कक्षा १ मा दुइजना शिक्षक राखेर पठनपाठन गराउँदै आएको छ ।

विद्यालयमा विद्यार्थी संख्या अनुसारको कक्षाकोठा र शिक्षकको दरबन्दी नहुँदा विद्यालय व्यवस्थापन गर्न समस्या भइरहेको पौडेलले बताउनुभयो। हाल १ हजार २ सय विद्यार्थीका लागि र प्रशासनिक कार्यका लागि जम्मा २६ वटा कोठाहरु मात्र उपलब्ध छन् । ऐलानी जग्गामा सञ्चालित विद्यालयले धनीपूर्जा पेश गर्न नसक्दा संघीय शहरी विकास मन्त्रालयले विद्यालय भवन तथा कक्षाकोठा निर्माण गर्न बिनियोजन गरेको बजेट नै फ्रिज भएको प्रधानाध्यापक पौडेलले बताउनुभयो। स्थानीय पालिका तथा वडा कार्यालय र जनप्रतिनिधिहरुले भने चासो देखाएको भन्दै पौडेलले यसै आर्थिक वर्ष स्थानीय पालिका सरकारले १० लाख लगानीमा विज्ञान प्रयोगशाला निर्माण गरिएकोमा खुशी व्यक्त गर्नुहुन्छ। यस्तै निजी स्रोतका शिक्षकहरुको खर्च व्यवस्थापनमा विद्यालयको आन्तरिक स्रोतबाट अपुग हुँदा स्थानीय सरकारले थप्ने गरेको बताउनुभयो । यसैगरी कक्षा ६ देखि कक्षा १० सम्मका अभिभावकहरुलाई अभिभावक शिक्षा कार्यक्रम पनि मनहरी गाउँपालिकाले सञ्चालन गरेको थियो ।

विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्नका लागि शिक्षक, अभिभावक र विद्यार्थीहरुको त्रिकोणात्मक सम्बन्ध स्थापना हुनुपर्नेमा जोड दिँदै अभिभावकलाई झकझकाउने काम गरिरहेको बताउनुभयो । साथै, विद्यालयमा दरबन्दी थप वा मिलान गरी पर्याप्त दरबन्दी बनाउनुपर्ने र कक्षाकोठा पनि निर्माण गरी थप्नुपर्नेमा उहाँले जोड दिनुभएको छ । अभिभावक शिक्षालाई यस वर्ष पनि निरन्तरता दिनुपर्ने प्रधानाध्यापक पौडेलले उल्लेख गर्नुभएको छ ।

## स्थानीय तह र विद्यालयबीच समन्वय अभाव

# आइतबार पनि खुलिरहेछ विद्यालय

बसन्त भण्डारी

हेटौंडा : नेपाल सरकारले परीक्षणका रूपमा लागू गरेको आइतबारको सार्वजनिक बिदा हेटौंडामा प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन । सरकारी विद्यालय बन्द रहेका बेला हेटौंडाका केही निजी विद्यालय भने आइतबार पनि नियमित रूपमा सञ्चालन भइरहेका छन् । बालजागृति, नवोदय, ज्ञानोदय, जेनिथ, जेम्स, सोलिड्यारिटी र सत्यम जेभियर्स लगायतका निजी विद्यालयले आइतबार कक्षा सञ्चालन जारी राखेपछि संघीय सरकारको निर्णय कार्यान्वयनमा स्थानीय स्तरमै असमानता र प्रशासनिक अन्योल देखिएको छ ।


सांकेतिक तस्वीर

सरकारले ऊर्जा बचत, सार्वजनिक खर्च कटौती तथा प्रशासनिक व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यसहित परीक्षणको रुपमा हप्तामा दुई दिन सार्वजनिक बिदाको अभ्यास सुरु गरेको थियो । सोही निर्णयअनुसार आइतबार सार्वजनिक बिदा कायम गरिएको भए पनि विद्यालय शिक्षा क्षेत्रका लागि स्पष्ट कार्यविधि नआउँदा स्थानीय तह र विद्यालय प्रशासन अन्योलमा परेका हुन् । विशेषगरी निजी विद्यालयहरूले कोर्स नसकिने, शैक्षिक क्यालेन्डर प्रभावित हुने तथा प्रतिस्पर्धात्मक दबाब बढ्ने कारण देखाउँदै विद्यालय सञ्चालन जारी राखेका छन् ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले आइतबारको बिदाले विद्यालयको शैक्षिक क्यालेन्डर र पाठ्यक्रम प्रभावित हुन नदिन स्थानीय तहले स्पष्ट योजना बनाउनुपर्ने बताउनुभयो। उहाँका अनुसार शिक्षा मन्त्रालयले वार्षिक बिदा कटौती गर्ने वा पाठ्यक्रम व्यवस्थापन गर्ने विषयमा गृहकार्य गरिरहेको छ । 'केही विद्यालय खुल्ने र केही बन्द रहने अवस्थाले अन्योल सिर्जना गरेको छ', उहाँले भन्नुभयो, 'यस विषयमा स्थानीय तह र शिक्षा शाखासँग समन्वय भइरहेको छ ।'

प्रजिअ अधिकारीले सरकारी विद्यालय बन्द हुने तर निजी विद्यालय सञ्चालन भइरहने अवस्था राम्रो संकेत नभएको उल्लेख गर्नुभयो । उहाँका अनुसार जिल्लाका सबै स्थानीय तहले एउटै नीति अपनाउनुपर्ने आवश्यकता छ । 'आइतबार खेलकुद वा अतिरिक्त क्रियाकलापका लागि प्रयोग गर्ने कि नियमित कक्षा सञ्चालन गर्ने भन्ने विषयमा शिक्षा मन्त्रालयको स्पष्ट निर्देशन आउन बाँकी छ', प्रजिअ अधिकारीले भन्नुभयो, 'तर स्थानीय बाँकी पृष्ठ ४ मा...

# हत्याको आरोपमा ३ जना पक्राउ

समाज संवाददाता

हेटौंडा : हत्या गरेको आरोपमा मकवानपुर प्रहरीले ३ जना अभियुक्तलाई पक्राउ गरेको छ । घटनाको १५ वर्षपछि हत्या आरोपमा ३ जनालाई प्रहरीले मकवानपुरका विभिन्न स्थानबाट पक्राउ गरेको हो ।

बकैया गाउँपालिका-४ का १८ वर्षीय विकास देउजाको हत्या आरोपमा उनीहरुलाई प्रहरीले १५ वर्षपछि पक्राउ गरेको हो । इलाका प्रहरी कार्यालय ठिंगन र जिल्ला प्रहरी कार्यालयको टोलीले उनीहरूलाई पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार पक्राउ पर्नेमा भीमफेदी गाउँपालिका-८ भ्याङडाँडाका ३० वर्षीय अष्ट लामा र ५५ वर्षीय बद्री कठायत र भीमफेदी गाउँपालिका-८ का ६५ वर्षीय केदार नगरकोटी रहेका छन् । उनीहरुले २०६८ पुस ८ मा बकैया गाउँपालिका-४ का १८ वर्षीय विकास देउजाको हत्या गरेको आरोप छ ।

बाँकी पृष्ठ ४ मा...



# सम्पादकीय

## चुनौतीपूर्ण बालविवाह

बालविवाह भन्नाले कानुनले तोकेको उमेर नपुगी वा बाल्यावस्थामा गरिने विवाह हो । नेपालमा विद्यमान कानुनअनुसार विवाह गर्नेमध्ये एक वा दुबैजनाको उमेर २० बर्षभन्दा मुनिको विवाह बालविवाह हुन्छ । मुलुकी ऐन २०२० बाटै बालविवाह गर्न कानुनीरुपमा रोक लगाइएको भए पनि बालविवाह कायमै थियो । पहिला–पहिला धार्मिक परम्परा तथा मान्यता स्वीकार गरेर आमाबाबुले सानै उमेरमा छोरीको विवाह गरिदिने प्रचलनले बालविवाह न्यूनीकरण चुनौतीपूर्ण थियो । नेपालको संविधान, २०७२, मुलुकी अपराध संहिता र मुलुकी देवानी संहिता, २०७४, बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालविवाहमा प्रतिबन्ध लगाएको छ । बालविवाह गरेको उजुरी परेमा विवाह बदर हुने व्यवस्था कानुनमा छ । बालविवाह गर्ने वा गराउने व्यक्तिलाई ३ वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवानाको व्यवस्थासमेत कानुनमा छ ।

नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धिसम्झौताले बालविवाहका दोषीलाई कारवाही तथा पीडितलाई पर्याप्त परिपूरण प्रदान गर्नुपर्ने दायित्व सरकारको हुने व्यवस्था छ । थुप्रै कानुनले दण्डनीय अपराधको रुपमा व्यवस्था गरेको बालविवाह न्यूनीकरण हुन नसक्नु चुनौतीपूर्ण देखिएको छ । मकवानपुर जिल्लाका चार वटा स्थानीय तहले बालविवाहमुक्त पालिकाका साथै बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गरे पनि बालविवाह जस्ताको त्यस्तै रहेको पाइन्छ । बालमैत्री घोषणा भएर दिगोपनका लागि काम भइरहेका पालिकाहरुमै बालविवाह न्यूनीकरण हुन नसक्नुले चुनौती बढाएको हो । बालविवाह अन्त्य होइन, कम गर्नसमेत चुनौतीपूर्ण देखिएको छ । बालबालिकाकै चाहना र परिवारको समेत सहमतिमा बालविवाह गरिरहेकाले बालविवाह झन जटिल बनिरहेको हो । अझै पनि २० वर्षसम्म विवाह गर्नेको संख्या एक तिहाईको हाराहारीमा रहेको अनुमान गर्न सकिन्छ ।

बालविवाह र बालन्याय सम्बन्धी हेटौँडामा शुक्रबार भएको अन्तरक्रियामा बालविवाह हुने दर सबैभन्दा बढी मधेश प्रदेशमा ४२ दशमलब ४ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा २९ दशमलब १ प्रतिशत रहेको बताइएको छ । बागमती प्रदेशमा पनि २९ दशमलब ३ प्रतिशत बालविवाह हुने तथ्याङ्क छ । राष्ट्रिय जनगणता २०७८ अनुसार १० देखि १४ वर्ष उमेर समूहका ७ प्रतिशत, १५ देखि १७ वर्ष उमेर समूहका २२ प्रतिशत र १८ देखि २० वर्षसम्मका ३४ प्रतिशतले बालविवाह गर्ने गरेको तथ्याङ्क छ । स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदन २०७९/०८० अनुसार १५ देखि १९ वर्ष उमेर समूहका १७ प्रतिशत आमा बनिसक्ने तथ्याङ्कले पनि बालविवाह र कम उमेरमा सुत्केरी बन्ने अवस्था चिन्ताजनक रहेको पुष्टि गर्दछ ।

बालविवाहबाट गृहस्थी जीवनमा आइपर्ने समस्या र विभिन्न प्रकारका स्वास्थ्य जटिलताको बारेमा बालबालिका पर्याप्त जानकार नहुँदा बालविवाह गर्ने क्रम कम हुन नसकेको हो । बालविवाह विरुद्धको कडा कानुनी व्यवस्थाले मात्र यो समस्या समाधान हुने सम्भावना देखिँदैन । भएका कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनसँगै बालबालिकालाई विद्यालय तहमै बालविवाह गर्न नहुने सचेतना प्रदान गर्नु उचित हुनेछ । पछिल्लो समय अभिभावकको कारणबाट नभई सामाजिक सञ्जाल तथा अन्य कारणले बालबालिका स्वयम्ले बालविवाह गर्ने प्रचलन बढ्दै गएको पाइन्छ । खेल्ने र पढ्ने उमेरमै विवाह गरेर धेरै बालबालिकाले अनावश्यक पारिवारिक बोझ सहनु परेको छ । बालविवाहकै कारण सानै उमेरमा गर्भवती तथा सुत्केरी बन्दा रोगी भएर बस्नुपर्ने अवस्था छ । बालबालिका स्वयम् बालविवाहप्रति आकर्षित हुनुले राम्रो संकेत गर्दैन । बालबालिका आफैं सचेत भएर बालविवाह विरुद्ध अभिनुपर्ने देखिन्छ । चुनौतीपूर्ण बन्दै गएको बालविवाह न्यूनीकरणका लागि अभिभावकले आफ्ना बालबालिकाको गतिविधिप्रति चासो दिने र स्थानीय सरकारले प्रभावकारी कार्यक्रम गर्नु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : अध्ययन–अध्यापन ठिकै रहने समय योग देखिन्छ ।
**वृष** : विश्वासको वातावरण बन्नाले राम्रो अवधि हासिल हुने योग छ ।
**मिथुन** : गोपनीयता भंग हुनाले अप्ठ्यारो पर्न सक्ने सम्भावना छ ।
**कर्कट** : व्यापार–व्यवसाय ठिकै रहने समयको योग देखिन्छ ।
**सिंह** : रिस, आवेग र क्रोध नियन्त्रण गर्दा राम्रो रहने छ ।
**कन्या** : परीक्षा र प्रतियोगितामा सफलता प्राप्त होला ।
**तुला** : कुरा काट्नेदेखि सजगता अपनाउँदा राम्रो ।
**वृश्चिक** : शिक्षा–दीक्षा मध्यमकारक मान्नुपर्दछ ।
**धनु** : सानो प्रयासले ठूलो काम बन्ने समयको योग रहेको छ ।
**मकर** : बोली र व्यवहारमा विचार पुऱ्याउँदा राम्रो ।
**कुम्भ** : धार्मिक एवम् सामाजिक काममा सरिक भइने समयको योग छ ।
**मीन** : ठूलो कारोबारमा लगानी गर्दा विचार पुऱ्याउनु पर्नेछ ।

# शिक्षा प्रणाली बदल्ने उचित समय




नेपालको शिक्षा सुधार गर्न सबैभन्दा पहिले विश्वका सफल र असफल अनुभवको गहिरो अध्ययन आवश्यक छ । त्यसका आधारमा शिक्षा प्रणालीमा बदलाव ल्याउनुपर्दछ । यो उचित समय हो ।

नेपालको शिक्षा प्रणाली आज एउटा निर्णायक मोडमा उभिएको छ । पहुँचका हिसाबले हेर्दा हामीले बिगत केही दशकमा उल्लेखनीय प्रगति गरेका छौं । विद्यालय पुगेका बालबालिकाको संख्या बढेको छ, माध्यमिक तहसम्मको पहुँच विस्तार भएको छ र शिक्षाको महत्वबारे सामाजिक चेतना पनि पहिलेभन्दा धेरै बढेको छ । तर यति मात्रले शिक्षा प्रणाली सफल भएको मान्न सकिंदैन । प्रश्न अब विद्यालयमा कति जना पुगे भन्ने मात्र होइन; प्रश्न यो हो– के विद्यार्थीले साँच्चै सिकिरहेका छन् ? के शिक्षा उनीहरूको जीवन, रोजगारी, नागरिकता र भविष्यसँग जोडिएको छ ? नेपालमा शिक्षा सुधारबारे धेरै कुरा भएको छ । नीति आयो, आयोग बने, योजना बनाइए, परियोजना चलाइए । तर परिणाम किन अपेक्षित जस्तो आएन ? यसको उत्तर खोज्न नेपालले अब आफ्नै सीमाभित्र मात्र हैन, विश्वका प्रमाणित अनुभवबाट पनि सिक्नुपर्छ । तर त्यो सिकाइ सतही हुनुहुँदैन ।

कुनै देशको नतिजा राम्रो देखियो भन्दैमा त्यसको एउटा कार्यक्रम नक्कल गरेर हाम्रो समस्या समाधान हुँदैन । कुन सुधारले काम गऱ्यो, किन गऱ्यो, कस्तो सन्दर्भमा गऱ्यो र नेपालमा त्यो कति हदसम्म सम्भव छ – यही प्रश्नहरूबाट शुरु गर्नुपर्छ । विश्वका केही उदाहरणले यस सन्दर्भमा स्पष्ट सन्देश दिन्छन् ।

**सुब्रालको पाठ : राम्रो शासन बिना राम्रो शिक्षा सम्भव छैन ।**

ब्राजिलको सिआरा राज्यभित्र पर्ने सुब्राल नामक नगरपालिका शिक्षा सुधारको विश्व चर्चित उदाहरण बनेको छ । एक समय निकै कमजोर प्रदर्शन गर्ने यो स्थानीय प्रणाली केही वर्षमै ब्राजिलकै उत्कृष्टमध्ये पऱ्यो । यसको रहस्य के थियो ?

न त कुनै चमत्कारी प्रविधि, न ठूलो भवन निर्माण, न केवल पाठ्यक्रम परिवर्तन । यसको मूल आधार थियो– राजनीतिक हस्तक्षेपबाट विद्यालयलाई जोगाउने, सक्षम नेतृत्व चयन गर्ने र सबै विद्यालयलाई स्पष्ट सिकाइ लक्ष्यमा केन्द्रित गर्ने शासन प्रणाली । सुब्रालले एउटा महत्वपूर्ण निर्णय गऱ्यो : विद्यालय प्रमुख र शिक्षा नेतृत्वलाई राजनीतिक पहुँचका आधारमा होइन, योग्यता र उत्तरदायित्वका आधारमा चयन गर्ने । साथमा, आरम्भिक कक्षामै सबै बालबालिकाले पढ्न सिक्नैपर्छ भन्ने स्पष्ट लक्ष्य तय गरियो । नियमित मूल्यांकनलाई दण्डको होइन, सुधारको साधन बनाइयो । यसले शिक्षक, प्रधानाध्यापक र स्थानीय निकाय बीच सिकाइ केन्द्रित संस्कृतिको विकास गऱ्यो ।

नेपालका लागि यहाँ सबैभन्दा ठूलो पाठ स्पष्ट छ, शिक्षामा पैसाभन्दा पहिले शासन सुधार चाहिन्छ । यदि विद्यालय नेतृत्व दलीय, व्यक्तिगत वा स्थानीय शक्ति सन्तुलनको कब्जामा रह्यो भने बजेट बढेर पनि सिकाइको गुणस्तर स्वत : बढ्दैन ।

**भियतनामको पाठ : नतिजा राम्रो देखिंदा पनि सावधान हुनुपर्छ ।**

भियतनामलाई धेरैले 'शिक्षामा चमत्कार' को रूपमा प्रस्तुत गर्छन् । कम आय भएको देश भएर पनि उसले अन्तर्राष्ट्रिय परीक्षणहरूमा धनी मुलुकहरूलाई समेत उछिनेको छ । यसको श्रेय आंशिक रूपमा विद्यार्थीको अनुशासन, अभिभावकको अपेक्षा, शिक्षक निगरानी, पूर्वप्राथमिक लगानी र संस्थागत निरन्तरतामा जान्छ । तर यहाँ एक महत्वपूर्ण सावधानी पनि छ । अन्तर्राष्ट्रिय परीक्षणहरूमा समेटिने विद्यार्थी सबै बालबालिका हुँदैनन् । विद्यालयमा रहेका केही आयु समूहका विद्यार्थी मात्र त्यहाँ पर्छन् । यदि ठूलो संख्या विद्यालयबाहिर छ भने, उच्च नतिजाले सम्पूर्ण पुस्ताको अवस्था झल्काउँदैन । त्यसैले राम्रो अंक देखियो भन्दैमा कुनै देशको शिक्षा प्रणाली पूर्ण रूपमा सफल छ भन्न मिल्दैन ।

नेपालले भियतनामबाट सिक्नुपर्ने कुरा भनेको 'संस्कृति' भन्दा बढी 'संस्था' हो । अभिभावकको उच्च अपेक्षा कानूनले बनाइँदैन; तर पूर्वप्राथमिक शिक्षा, नियमित शिक्षक समर्थन, विद्यालय निगरानी र राज्यको कार्यक्षमता भने नीतिबाट निर्माण गर्न सकिन्छ ।

**केन्याको 'तुसोमे': शिक्षकलाई एक्लै छोडेर सुधार हुँदैन**

केन्याको तुसोमे कार्यक्रम प्रारम्भिक कक्षाका बालबालिकाको पढाइ सुधारका लागि विश्वमै सफल कार्यक्रममध्ये एक मानिन्छ । यसको विशेषता के थियो भने यो सानो पाइलटमा सीमित रहेन; मन्त्रालयकै संरचनाभित्र बसेर राष्ट्रियस्तरमा फैलियो । तुसोमेले शिक्षकलाई केवल तालिम दिएर छोडेन । उसले शिक्षकलाई स्पष्ट पाठ योजना सहितका संरचित मार्गदर्शिका दियो । विद्यालय भ्रमण गर्ने प्राविधिक अधिकारीलाई डिजिटल उपकरण दिइयो, जसले उनीहरू वास्तविक रूपमा कक्षाकोठामा पुगे कि पुगेनन् भन्ने देखायो । यसले 'रिपोर्टका लागि निरीक्षण' होइन, 'पढाइ सुधारका लागि सहयोग' सम्भव बनायो ।

नेपालमा पनि पाठ्यक्रम, सीप, मूल्यांकन, दक्षता जस्ता शब्द धेरै प्रयोग हुन्छन् । तर कक्षाकोठामा शिक्षकलाई दिनदिनै के गर्ने भन्ने व्यावहारिक साथ छैन भने नीति कागजमै सीमित रहन्छ । कमजोर सिकाइ भएका विद्यालयमा शिक्षकलाई संरचित सहयोग, सरल सामग्री, नियमित प्रतिपुष्टि र कक्षाकोठा-आधारित समर्थन अत्यावश्यक हुन्छ ।

**एस्टोनिया र सिंगापुर : स्वतन्त्रता क्षमता भएपछि मात्र फलदायी हुन्छ ।**

विश्वका उत्कृष्ट शिक्षा प्रणालीको चर्चा गर्दा एस्टोनिया र सिंगापुरको नाम अनिवार्य रूपमा आउँछ । यी देशमा शिक्षकको सामाजिक प्रतिष्ठा उच्च, छनोट कडा, तयारी बलियो र प्रणालीमा विश्वास पनि गहिरो छ । त्यहाँ शिक्षकलाई पर्याप्त स्वायत्तता दिइन्छ । तर नेपालले यहाँ गम्भीर भ्रममा पर्नुहुँदैन । धेरैले सोच्छन्, शिक्षकलाई स्वतन्त्रता दिएपछि गुणस्तर बढ्छ । वास्तवमा उच्च क्षमता भएपछि मात्र उच्च स्वायत्तता फलदायी हुन्छ । प्रारम्भिक तयारी कमजोर, पेशागत समर्थन न्यून, उत्तरदायित्व अस्पष्ट र कक्षाकोठामा असमानता बढी भएको सन्दर्भमा असीमित स्वायत्तताले प्राय: कमजोर विद्यार्थीलाई अझ पछाडि धकेल्न सक्छ ।

नेपालले एस्टोनिया वा सिंगापुरको पूरा मोडेल आजकै अवस्थामा उतार्न सक्दैन । तर तिनले दिएको एउटा महत्वपूर्ण पाठ हामी तुरुन्त लागू गर्न सक्छौं– समतामूलक समर्थन । गरीब विद्यार्थीका लागि नि:शुल्क शैक्षिक सामग्री, पोषण, स्वास्थ्य, भाषा समर्थन र विशेष आवश्यकताका सेवाहरू बिना 'गुणस्तर' को कुरा अधुरो हुन्छ ।

**'टिचिङ एट द राइट लेभल': उमेर होइन, सिकाइको स्तर हेर्नुपर्छ ।**

भारतबाट शुरु भएको टिचिङ एट द राइट लेभल (टीएआरएल) मोडेलले एउटा अत्यन्त सरल तर शक्तिशाली सत्य देखायो : एउटै कक्षामा बसेका सबै बालबालिका सिकाइको एउटै स्तर मा हुँदैनन् । तर हाम्रो विद्यालय प्रणालीले सबैलाई एउटै पाठ, एउटै गतिमा, एउटै अपेक्षासहित पढाउन खोज्छ । परिणामस्वरूप, कमजोर आधार भएका विद्यार्थी वर्षौंदेखि झन् पछि पर्दै जान्छन् । नेपालमा माध्यमिक तहको सुधारबारे धेरै चर्चा हुन्छ, तर वास्तविक संकट त प्रारम्भिक सिकाइमै छ । कक्षा ३, ४, ५ सम्म आइपुग्दा पनि राम्रोसँग पढ्न नसक्ने विद्यार्थीलाई पछि विज्ञान, गणित, सामाजिक शिक्षा वा जीवनोपयोगी सीप सिकाउने आशा गर्नु भ्रम हो ।

**बंगलादेशको पाठ : माध्यमिक शिक्षा रोजगारीसँग नजोडिएसम्म असन्तोष बढ्छ ।**

नेपालका धेरै युवामा एउटा साझा गुनासो छ, विद्यालय र कलेजले जीवन वा रोजगारीका लागि उपयोगी तयारी दिएन । यही समस्यामा बंगलादेशको माध्यमिक शिक्षा सुधार उपयोगी पाठ दिन्छ । त्यहाँ माध्यमिक तहमा पहुँच विस्तारसँगै गरिब विद्यार्थीका लागि छात्रवृत्ति, विद्यालय विस्तार, विज्ञान-गणित-भाषा जस्ता विषयमा स्रोत शिक्षक, र प्राविधिक तथा पूर्व-व्यावसायिक बिकल्पहरू थप्ने प्रयास गरिएको थियो ।

नेपालमा पनि सबै विद्यार्थी एउटै शैक्षिक बाटोबाट जान्नुपर्छ भन्ने सोच कमजोर हुँदै गएको छ । धेरै विद्यार्थीलाई विद्यालयपछि तुरुन्तै काम, सीप, उद्यम वा प्राविधिक अवसर चाहिन्छ । त्यसैले माध्यमिक शिक्षा विश्वविद्यालय प्रवेशको मात्र तयारी नभई जीवन र कामको तयारी पनि हुनुपर्छ ।

**असफलताबाट पनि सिक्नुपर्छ: ल्यापटप बाँड्दैमा शिक्षा बदलिँदैन ।**

विश्वका असफल शिक्षा सुधारबाट नेपालले अझ धेरै सिक्न सक्छ । धेरै देशमा प्रविधि वितरणलाई शिक्षा सुधारको चाबीका रूपमा बेचियो । एक विद्यार्थी एक ल्यापटप (वन ल्यापटप पर चाइल्ड) जस्ता कार्यक्रमले लाखौं उपकरण बाँडे । तर जहाँ शिक्षकलाई तिनलाई शिक्षणसँग जोड्ने सहयोग थिएन, त्यहाँ गणित वा भाषाको सिकाइमा उल्लेखनीय सुधार देखिएन । उपकरण बिग्रिए, चार्ज गर्ने पूर्वाधार भएन, मर्मत भएन, र कार्यक्रम महँगो बोझ बन्यो ।

नेपालले यसबाट स्पष्ट सन्देश लिनुपर्छ, हार्डवेयर होइन, शिक्षण प्रक्रिया महत्वपूर्ण हो । शिक्षकको भूमिका, सामग्री, कक्षाकोठा अभ्यास, भाषा, मूल्यांकन र समर्थन प्रणाली बदलिनु बिना ल्यापटप, ट्याब, स्मार्टबोर्ड वा एप मात्रले शिक्षा बदल्दैन । त्यस्तै, शिक्षकलाई बोनस दिंदा मात्र सिकाइ बढ्छ भन्ने धारणा पनि धेरै सन्दर्भमा कमजोर साबित भएको छ । यदि कक्षाकोठामा पुस्तक छैन, सहयोग छैन, मूल्यांकन विकृत र प्रणाली दण्डमुखी छ भने प्रोत्साहनको यस्तो मोडेलले कहिलेकाहीं उल्टै कमजोर विद्यार्थीलाई किनारामा धकेल्ने जोखिम बढाउँछ ।

**प्रमाणमा आधारित नीति : नेपाललाई आफ्नै 'एविडेन्स ल्याब' चाहिन्छ ।**

नेपालमा शिक्षा क्षेत्रमा धेरै वर्षदेखि बाह्य परियोजना, दातृ निकाय, पाइलट कार्यक्रम र बिखण्डित हस्तक्षेप चल्दै आएका छन् । समस्या के हो भने एउटा परियोजना सकिन्छ, अर्को शुरु हुन्छ; तर प्रणालीले स्थायी रूपमा के सिक्यो भन्ने प्राय: स्पष्ट हुँदैन ।

पेरुको इन्दुल ल्याब जस्तो मोडेल यहाँ प्रेरणादायी छ । शिक्षा मन्त्रालयभित्रै सानो तर सक्षम इकाइ बनाएर कम लागतका नवप्रयोग गरिन्छ, प्रशासनिक डेटा प्रयोग गरेर नतिजा मापन गरिन्छ, र काम गर्ने कार्यक्रम मात्र बिस्तार गरिन्छ । यस्तो प्रणालीले नीतिलाई अनुमान, प्रभाव, वा राजनीतिक भाषणमा होइन, प्रमाणमा आधारित बनाउँछ ।

नेपालमा पनि शिक्षा मन्त्रालय वा सम्बन्धित निकायभित्र 'एविडेन्स-टु-पोलिसी' इकाइ बनाउने समय आएको छ । यसले साना तर प्रभावकारी हस्तक्षेप, जस्तै शिक्षकलाई समयमै जानकारी पठाउने, विद्यालय सुधारका लागि सूचनामूलक सन्देश, अभिभावक संलग्नता मोडेल वा स्थानीय समर्थन व्यवस्था, पहिले परीक्षण गर्न सक्छ ।

**अब नेपालको प्राथमिकता के हुनुपर्छ ?**

विश्वका अनुभवले नेपालका लागि चार मुख्य प्राथमिकता स्पष्ट गर्छन् ।

१. प्रारम्भिक कक्षाको सिकाइ संकट समाधान नगरी माथिल्ला सुधार टिकाउ हुँदैनन् । कक्षा ३-५ का लागि 'स्तरअनुसार सिकाइ' जस्तो मोडेल तत्काल आवश्यक छ ।

२. शिक्षा प्रशासन र विद्यालय नेतृत्वलाई योग्यता, उत्तरदायित्व र नतिजासँग जोड्नुपर्छ । राजनीतिक संरक्षणमा आधारित नेतृत्वले शिक्षा सुधारलाई कमजोर बनाउँछ ।

३. प्रविधि वा नारा होइन, शिक्षकको दैनिक शिक्षण अभ्यास सुधारमा लगानी गर्नुपर्छ । संरचित मार्गदर्शन, सहयोगी निरीक्षण र डेटा-आधारित व्यावसायिक विकास आवश्यक छ ।

४. हरेक नयाँ सुधारलाई पहिले परीक्षण, त्यसपछि मात्र बिस्तार गर्ने संस्कृतिको विकास गर्नुपर्छ । अनुमानमा होइन, प्रमाणमा आधारित नीति बनाउनुपर्छ ।

नेपालको शिक्षा सुधारको मूल प्रश्न अब 'कति परियोजना आयो ?' भन्ने होइन । प्रश्न यो हो, के हामीले कक्षाकोठामा सिकाइको वास्तविकता बदल्यौं ? यदि बदल्न चाहन्छौं भने, विश्वका सफल र असफल दुवै अनुभवले एउटै कुरा भन्छन् : शिक्षा सुधार भाषण, भवन र बजेटबाट मात्र हुँदैन; त्यो सिकाइ, शासन, शिक्षक समर्थन र प्रमाणमा आधारित निर्णयबाट हुन्छ ।

अब शिक्षा प्रणालीलाई सजाउने होइन, बदल्ने बेला आएको छ ।

(डा. घिमिरे, नर्थ क्यारोलिना विश्वविद्यालय, विल्मिङ्टनमा सहप्राध्यापक छन् । उनी शिक्षा सुधार, शिक्षक गुणस्तर तथा प्रमाणमा आधारित नीतिबारे लेख्छन् ।) *स्रोत : अनलाइनखबर*

# १५ दिने तलबको असर



**सुजन ढुंगेल**

नेपालको अर्थतन्त्र सुस्त गतिमा अघि बढिरहेको वर्तमान सन्दर्भमा सरकारले १५-१५ दिनमा तलब दिने व्यवस्था सिर्जना गरेर जनताको हातमा छिटो-छिटो आम्दानी पुऱ्याउने नीति लिएको छ । सतहमा हेर्दा यो अवधारणा निकै प्रभावकारी देखिन्छ, किनकि ठूलो संख्यामा नागरिकले जब छिटो-छिटो नियमित आम्दानी पाउँछन्, उनीहरूको क्रयशक्ति बढ्छ । बजारमा माग वृद्धि हुन्छ । र, आर्थिक गतिविधि स्वत: चलायमान हुन थाल्छ ।

तर यो सोचलाई व्यवहारमा रूपान्तरण गर्दा गहिरो आर्थिक संरचना, कर प्रणाली, उत्पादन क्षमता र बाह्य निर्भरतालाई समेत ध्यानमा राख्न आवश्यक हुन्छ । मानौं, २ करोड नेपालीले मासिक रु.२५,००० का दरले आम्दानी पाउने व्यवस्था भयो भने हरेक महिना करिब ५ खर्ब रुपैयाँ सिधै जनताको हातमा पुग्छ । यो रकम केवल एकपटक खर्च भएर सकिने होइन; यो बजारमा पटक-पटक घुम्छ । मानिसहरूले उपभोगका लागि खर्च गर्दा त्यो रकम व्यवसायीको आम्दानी बन्छ, जसले पुन: कर्मचारीलाई तलब दिन्छ वा नयाँ लगानी गर्छ । यसरी एउटै पैसा अर्थतन्त्रमा घुमिरहने प्रक्रियालाई मल्टिप्ल्याएर इफेक्ट भनिन्छ । सैद्धान्तिक रूपमा, यदि मानिसहरूले आफ्नो आम्दानीको ठूलो हिस्सा खर्च गरे भने यो ५ खर्बले १० देखि २५ खर्बसम्मको आर्थिक गतिविधि सिर्जना गर्न सक्छ ।

तर यथार्थमा यस्तो आदर्श अवस्था हुँदैन । नेपालको अर्थतन्त्रमा आयातमा उच्च निर्भरता, बचत गर्ने प्रवृत्ति र अनौपचारिक कारोबारको ठूलो हिस्सा रहेका कारण यो मल्टिप्ल्याएर प्रभाव घटेर करिब २ देखि २.५ गुणासम्म सीमित हुन सक्छ । यसको अर्थ, ५ खर्बको प्रारम्भिक वितरणले करिब ११-१२ खर्ब बराबरको वास्तविक आर्थिक गतिविधि सिर्जना गर्न सक्छ, जुन अझै उल्लेखनीय भए पनि सैद्धान्तिक अनुमानभन्दा कम हो ।

यस आर्थिक गतिविधिबाट सरकारले कर मार्फत केही हिस्सा फिर्ता प्राप्त गर्छ । मूल्य अभिवृद्धि कर (भ्याट) र कम्पनीहरूको नाफामा लाग्ने कर यसका मुख्य स्रोत हुन् । यद्यपि सबै खर्च भ्याट योग्य हुँदैन र सबै व्यवसायले समान नाफा कमाउँदैनन् । व्यवहारमा हेर्दा, यस्तो प्रणालीबाट सरकारलाई मासिक करिब १२-१४ प्रतिशत मात्र राजस्व फिर्ता आउने सम्भावना हुन्छ । त्यसैले, यदि सरकारले एक महिनामा ५ खर्ब खर्च गरेको छ भने, त्यो रकम पूर्ण रूपमा फिर्ता हुन करिब ७ देखि ८ महिना लाग्न सक्छ । यसले 'तुरुन्तै पैसा सरकारमा फर्किन्छ' भन्ने लोकप्रिय धारणा यथार्थभन्दा धेरै आशावादी भएको देखाउँछ ।

यस मोडेलको अर्को महत्वपूर्ण पक्ष जोखिमसँग सम्बन्धित छ । यदि बजारमा पैसा बढ्यो तर उत्पादन त्यही अनुपातमा बढेन भने मूल्य वृद्धि हुने सम्भावना उच्च हुन्छ। साथै, नेपालको आयात-निर्भर संरचनाले गर्दा उपभोग बढ्दा ठूलो हिस्सा विदेशतर्फ जाने सम्भावना रहन्छ, जसले व्यापार घाटा अझै गहिरो बनाउन सक्छ । त्यसैले केवल पैसा वितरण गरेर मात्र दीर्घकालीन आर्थिक सुधार सम्भव हुँदैन । यसकारण, यस्तो नीतिको सफलता पूर्ण रूपमा रोजगारीको प्रकृतिमा निर्भर हुन्छ । यदि रोजगारी उत्पादनमूलक क्षेत्रमा– जस्तै कृषि, उद्योग, निर्माण र पूर्वाधार–केन्द्रित भयो भने यसले अर्थतन्त्रलाई वास्तविक रूपमा बलियो बनाउँछ । तर यदि यो केवल उपभोग बढाउने क्षेत्रमा सीमित रह्यो भने यसको प्रभाव अल्पकालीन मात्र हुनेछ। दीर्घकालीन समृद्धिका लागि उत्पादन वृद्धि, आयात प्रतिस्थापन र कर प्रणालीको प्रभावकारिता अत्यन्त आवश्यक हुन्छ ।

नेपालको प्रति व्यक्ति आम्दानी हाल करिब १४००-१५०० अमेरिकी डलरको हाराहारीमा रहेको छ । यदि रोजगारी विस्तार, उत्पादन वृद्धि र आर्थिक संरचनामा सुधार एकसाथ अघि बढाइयो भने केही वर्षमै २००० डलरभन्दा माथि पुग्ने सम्भावना देखिन्छ । तर दीर्घकालीन रूपमा यो लक्ष्य केवल छिटो-छिटो पैसा वितरण गरेर मात्र होइन, उत्पादनशीलता वृद्धि मार्फत मात्र प्राप्त गर्न सकिन्छ ।

अन्तत:, छिटो-छिटो आम्दानी वितरण गर्ने अवधारणा अर्थतन्त्रलाई चलायमान बनाउने एक शक्तिशाली उपकरण हुन सक्छ, तर यो आफैंमा दीर्घकालीन पूर्ण समाधान होइन । यो त उत्पादन क्षमताको विस्तारमा निर्भर गर्छ । सही ढंगले कार्यान्वयन गरियो भने यसले नेपालमा आर्थिक रूपान्तरणको आधार तयार गर्न सक्छ; गलत तरिकाले प्रयोग गरियो भने यो केवल आकर्षक तर अस्थायी उपायमा सीमित हुन सक्छ ।

*स्रोत : अनलाइनखबर ।*

# भीम विराग प्रतिष्ठानद्वारा सम्मान तथा पुरस्कार वितरण



समाज संवाददाता

हेटौँडाः भीम विराग सङ्गीत साहित्य कला प्रतिष्ठान नेपालले लोकगायक राजु परियारसहित विभिन्न व्यक्तित्वहरुलाई पुरस्कार तथा सम्मान प्रदान गरेको छ । आइतबार हेटौँडामा प्रतिष्ठानको साधारणसभासहितको विशेष समारोह आयोजना गर्दै प्रतिष्ठानले एक संस्थासहित ८ जनालाई पुरस्कृत गरेको हो ।

प्रतिष्ठानले लोकगायक परियारलाई रामकृष्ण बानियाँ स्मृति लोक सङ्गीत पुरस्कार, २०८२ प्रदान गरेको छ । २० हजार रुपैयाँ राशि रहेको यो पुरस्कार चुनु बानियाँले स्थापना गर्नुभएको हो । प्रतिष्ठानले तुलसीमाया-शिवकुमारी सृजनशील नारी पुरस्कार, २०८२ मकवानपुरकी हस्तकला प्रशिक्षक रविना श्रेष्ठलाई प्रदान गरेको छ । मुक्तिगोविन्द वैद्यले स्थापना गर्नुभएको यस पुरस्कार राशि १५ हजार रुपैयाँ रहेको छ ।

यस वर्षको शिला नारी पुरस्कार, २०८२ मकवानपुरकी साहित्यकार तथा रङ्गकर्मी संगीता थापा मगरले प्राप्त गर्नुभएको छ । आशीष श्रेष्ठले स्थापित गर्नुभएको यो पुरस्कार राशि १५ हजार रुपैयाँ रहेको छ । चिनुकुमारी लामा स्मृति साहित्य पुरस्कार, २०८२ साहित्य सङ्गम मकवानपुरलाई प्रदान गरिएको छ । रामबहादुर पाखिनद्वारा संस्थापन गरिएको यो पुरस्कारको राशि १५ हजार रहेको छ ।

यसैगरी, मंगलादेवी स्मृति स्वास्थ्य सेवा पुरस्कार, २०८२ हेटौँडा ६ का स्वास्थ्यकर्मी राजु गुरुङलाई प्रदान गरिएको छ । देवप्रसाद श्रेष्ठ र दीपकप्रसाद श्रेष्ठले संयुक्तरुपमा स्थापना गर्नुभएको यो पुरस्कारको राशि १० हजार रुपैयाँ रहेको छ । कोभिड-१९ को समयमा संक्रमितहरुलाई अनवरत रुपमा सेवा गरेकोमा गुरुङलाई पुरस्कार प्रदान गरिएको हो ।

अजित सेन गुप्ता भिन्न क्षमता पुरस्कार, २०८२ थाहा नगरपालिका मकवानपुरका चित्रकार अमिर बोम्जनलाई प्रदान गरिएको छ । रोशन सेन गुप्ताले स्थापना गर्नुभएको यो पुरस्कार राशि १० हजार रुपैयाँ रहेको छ । फरक शारीरिक अवस्थाका बाबजुद पनि उत्कृष्ट चित्रहरु रचना गर्ने बोम्जनलाई पुरस्कार दिइएको हो ।

१० हजार रुपैयाँ पुरस्कार राशि रहेको इन्द्रकुमार कोजु स्मृति पुरस्कार, २०८२ नवोदित भलिबल खेलाडी अप्सना उप्रेतीलाई प्रदान गरिएको छ । चम्पा कोजु संस्थापक रहनुभएको उक्त पुरस्कार ज्ञानोदय बालबाटिकामा अध्ययनरत उप्रेतीलाई प्रदान गरिएको हो । यस्तै, भीम-मथुरा बाल प्रतिभा पुरस्कार, २०८२ हेटौँडाको सोलिड्यारिटी इन्टरनेशनल एकेडेमीमा अध्ययनरत उदीयमान गायिका अक्सा खातुनलाई प्रदान गरिएको छ । १० हजार राशि रहेको यो पुरस्कारका संस्थापक विन्दुगोपाल गोर्खाली हुनुहुन्छ ।

कार्यक्रममा पुरस्कृत हुनुभएका लोकगायक परियार तथा खातुनले आफ्नो गायन प्रस्तुत गर्नुभएको थियो । हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाले विभिन्न क्षेत्रका स्रष्टा तथा कलाकारहरुलाई सम्मान प्रदान गर्दै प्रतिष्ठानले मकवानपुरे साहित्य कलाको क्षेत्रमा पहिचान बनाएको बताउनुभयो । उहाँले हेटौँडा उपमहानगरपालिकाले पनि छिट्टै साहित्य महोत्सव गरेर साहित्य कलाको क्षेत्रमा उपमहानगर पालिकाले लगानी गर्न चाहेको बताउनुभयो ।

प्रतिष्ठानका अध्यक्ष केशवलाल श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा हेटौँडा उपमहानगर पालिका वडा नं २ का वडा अध्यक्ष विष्णुगोपाल महर्जन, प्रतिष्ठानकी सल्लाहकार सुशीला पाण्डे, साहित्यसेवी मुक्तिगोविन्द बैद्यलगायत कला, संगीत तथा साहित्यको क्षेत्रमा सक्रिय व्यक्तित्वहरुको उपस्थिति थियो । नेपाली सङ्गीत, साहित्य र कला क्षेत्रमा परिचित वरिष्ठ कलासाधक भीम विरागको बहुआयामिक व्यक्तित्वको सम्मानस्वरुप २०५९ भाद्र ७ गते यस प्रतिष्ठानको स्थापना भएको हो ।

प्रतिष्ठानले मकवानपुरको माटोबाट वार्षिकरुपमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कार तथा सम्मान समर्पण गर्दै आइरहेको छ । देश तथा विदेशमा रही नेपाली वाङ्मयको क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउँदै आउनुभएका सर्जक, स्रष्टाहरूलाई सम्मानित एवम् पुरस्कृत गर्दै आइरहेको छ ।

### प्रतिष्ठानको अध्यक्षमा पुनः श्रेष्ठ

हेटौँडाः भीम विराग सङ्गीत साहित्य कला प्रतिष्ठानको अध्यक्षमा पुनः केशवलाल श्रेष्ठ सर्वसम्मत चयन हुनुभएको छ । आइतबार सम्पन्न प्रतिष्ठानको २१ औं वार्षिक साधारणसभा तथा ८ औँ अधिवेशनले श्रेष्ठलाई पुनः अध्यक्ष बनाएको हो । प्रतिष्ठानको उपाध्यक्षमा श्यामकुमार बानियाँ, महासचिवमा माधवबहादुर पोखरेल, कोषाध्यक्षमा दिनेश सुवेदी र सचिवमा आशा ढकाल चयन हुनुभएको छ ।

सदस्यहरुमा गहन चौलागाईं, बालकृष्ण चौलागाईं, पदमलाल श्रेष्ठ, शर्मिला श्रेष्ठ, अञ्जन दाहाल, प्रल्हाद मिश्र र गोपिनी गौतम चुनिनुभएको छ । आइतबार प्रतिष्ठानले विभिन्न क्षेत्रका व्यक्तित्वहरुलाई पुरस्कृतसमेत गरेको छ । हेटौँडा उपमहानगर पालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कला तथा साहित्यप्रेमीहरुको उपस्थिति रहेको थियो ।

## सरकारी कार्यालयमा 'सरसफाई सप्ताह' सुरु हुँदै

# ५१ सूचकबाट अनुगमन गरिने

समाज संवाददाता

हेटौँडा : सरकारले आज सोमबारदेखि देशभर 'राष्ट्रिय सरसफाई सप्ताह' सुरु गर्दैछ । १ जेठसम्म सञ्चालन हुने अभियानअन्तर्गत मकवानपुरमा पनि सबै सरकारी कार्यालयमा बिहान साढे ८ बजेदेखि सरसफाई कार्यक्रम सुरु गरिने भएको छ । मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीका अनुसार जिल्लाका सरकारी कार्यालयलाई ५१ वटा सूचकका आधारमा मूल्यांकन गरी 'ए', 'बी' र 'सी' ग्रेडमा वर्गीकरण गरिनेछ ।

मूल्यांकनमा कार्यालय सरसफाइ, शौचालय व्यवस्थापन, स्वच्छ खानेपानी, हेल्प डेस्क, सेवाग्राहीसँगको व्यवहार, फोहर व्यवस्थापन तथा बिचौलियाको प्रवेश नियन्त्रणजस्ता विषय समावेश गरिएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले 'सरसफाई सप्ताह सञ्चालन सम्बन्धी मार्गनिर्देशन-२०८३' जारी गर्दै संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी निकायमा अभियान सञ्चालन गर्न निर्देशन दिएको हो । सोही समयमा देशभरका सरकारी कार्यालय तथा अस्पतालमा सरसफाई कार्यक्रम सुरु हुने जनाइएको छ । मार्गनिर्देशनमा कार्यालय सरसफाइ, शौचालय तथा स्वच्छता, शैक्षिक संस्था र सार्वजनिकस्थलको सरसफाइ, चमेनागृह तथा भान्साघरको स्वच्छता, फोहर व्यवस्थापन, सेवाग्राही अनुभव तथा संस्थागत दिगोपनसम्बन्धी सूचक अनिवार्य रूपमा कार्यान्वयन गर्नुपर्ने उल्लेख गरिएको छ ।

प्रजिअ अधिकारीले मकवानपुरका कार्यालय प्रमुखहरूको समूहमा नेपाल सरकारको निर्णय पठाइसकिएको र जिल्ला प्रशासन कार्यालयका कर्मचारीलाई समेत अभियानमा सहभागी हुन निर्देशन दिइएको जानकारी दिनुभयो । उहाँका अनुसार सरसफाई सप्ताह केवल बाहिरी सफाइको कार्यक्रम नभई सरकारी कार्यालयभित्रको समग्र सेवा वातावरण सुधार गर्ने उद्देश्यसहित सञ्चालन गर्न लागिएको हो । 'सेवाग्राही आउने कार्यालयमा शौचालय फोहोर हुनुहुँदैन', उहाँले भन्नुभयो, 'कार्यालय प्रमुख आफैंले शौचालयको अवस्था हेर्नुपर्छ । कार्यालयमा स्वच्छ खानेपानी, व्यवस्थित प्रतिक्षालय, हेल्प डेस्क र नागरिकमैत्री वातावरण हुनुपर्छ ।'

प्रजिअ अधिकारीका अनुसार जिल्लाका सरकारी कार्यालयमा 'इम्प्लोई अफ द मन्थ' कार्यक्रम पनि सञ्चालन गरिनेछ । सेवाग्राहीसँगको व्यवहार, इमान्दारिता र सेवा प्रवाहका आधारमा उत्कृष्ट कर्मचारी छनोट गरी कार्यालयको हेल्प डेस्कमा तस्वीर राखिने व्यवस्था गरिने उहाँले जानकारी दिनुभयो । उहाँले सरकारी कर्मचारी अझै पनि 'शासकीय मानसिकता' बाट पूर्णरूपमा बाहिर ननिस्किएको टिप्पणी गर्दै सेवा प्रवाहमा व्यवहार परिवर्तन आवश्यक रहेको बताउनुभयो । 'हामी शासक होइनौं, जनताका सेवक हौं', उहाँले भन्नुभयो, 'जनताको मुहारमा खुसी दिन सक्यौं भने त्यो नै सबैभन्दा ठूलो सेवा हो ।' प्रजिअ अधिकारीले सेवाग्राहीलाई पनि आवश्यक कागजात र प्रक्रिया बुझेर कार्यालय आउन आग्रह गर्दै कर्मचारीबाट अनावश्यक दुःख, अतिरिक्त लाभ माग्ने वा झन्झट सिर्जना गर्ने काम भए सम्बन्धित कार्यालय प्रमुख वा जिल्ला प्रशासन कार्यालयमा उजुरी गर्न आग्रह गर्नुभएको छ ।

## पसल र होटलमा मूल्यसूची अनिवार्य

समाज संवाददाता

हेटौँडा : जिल्ला प्रशासन कार्यालय मकवानपुरले आज सोमबारदेखि जिल्लाका होटल, रेस्टुरेन्ट, पसल तथा अन्य व्यावसायिक प्रतिष्ठानमा मूल्यसूची अनिवार्य रूपमा राख्न निर्देशन दिएको छ । प्रमुख जिल्ला अधिकारी (प्रजिअ) बसन्त अधिकारीका अनुसार मूल्यसूची राखिएको छ वा छैन भन्ने विषयमा एक सातासम्म विशेष अनुगमन गरिनेछ ।

सरसफाई सप्ताहसँगै उपभोक्तामैत्री बजार व्यवस्थापनलाई जोड्दै प्रशासनले यो अभियान सञ्चालन गर्न लागेको हो । प्रजिअ अधिकारीले नेपाल सरकारले मूल्यसूची अनिवार्य रूपमा राख्नुपर्ने सम्बन्धी कार्यविधि तयार गरिसकेको जानकारी दिँदै मकवानपुरमा पनि त्यसको कार्यान्वयन सुरु गरिने बताउनुभयो । 'होटल, प्रतिक्षालय, रेस्टुरेन्ट र व्यापारीहरूले मूल्यसूची राखेको छ कि छैन भन्ने विषयमा भोलि (सोमबार) बाटै अनुगमन सुरु हुन्छ', उहाँले भन्नुभयो । प्रशासनका अनुसार उपभोक्ताले वस्तु तथा सेवाको मूल्यबारे स्पष्ट जानकारी नपाउँदा बजारमा मनपरी शुल्क लिने र उपभोक्ता ठगिने गुनासो आउने गरेको छ । त्यसलाई नियन्त्रण गर्न व्यावसायिक प्रतिष्ठानमा स्पष्ट मूल्यसूची राख्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याउन लागिएको हो ।

अनुगमनका क्रममा होटल, रेस्टुरेन्ट, चिया पसल, किराना पसल तथा अन्य व्यावसायिक प्रतिष्ठानमा मूल्यसूची टाँसिएको छ कि छैन भन्ने हेरिने प्रशासनले जनाएको छ । मूल्यसूची नराख्ने तथा उपभोक्तालाई भ्रममा पार्ने व्यवसायीलाई प्रचलित कानुनअनुसार कारबाही हुन सक्ने चेतावनीसमेत दिइएको छ । उहाँका अनुसार बजारलाई व्यवस्थित, पारदर्शी र उपभोक्तामैत्री बनाउन प्रशासनले नियमित अनुगमनलाई निरन्तरता दिनेछ ।

## विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग



*विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गर्नुहुँदै प्रधानाध्यापक लिला तितुङ ।*

समाज संवाददाता

हेटौँडा : छोराछोरी नेपाल संस्थाले राक्सिराङ गाउँपालिका-३, पलाँसेस्थित सूर्योदय माध्यमिक विद्यालयका विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग गरेको छ ।

संस्थाले आइतबार विद्यालयमा अध्ययनरत ७० जना गरिब, विपन्न, असहाय तथा सीमान्तकृत विद्यार्थीलाई स्कुल ब्याग, पानी खाने बोतल र विभिन्न शैक्षिक सामग्रीहरू वितरण गरेको विद्यालयकी प्रधानाध्यापक लिला तितुङले जानकारी दिनुभयो ।

विद्यालयमा ६ सय जना विद्यार्थी अध्ययनरत छन् । नयाँ शैक्षिक सत्रका लागि विद्यार्थी भर्ना हुने क्रम अझै जारी रहेको प्रधानाध्यापक तितुङले जानकारी दिनुभएको छ ।

# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2






मञ्जित खतिवडा
कक्षा-६







श्रीमन दाहाल
कक्षा-६





अनिन मानन्धर
कक्षा-६



एलेक्जा अधिकारी
कक्षा-६

## हेटौंडा-काठमाडौं छोटो मार्ग

# ७ वर्षमा पनि बनेन १४ किलोमिटर सडक



निर्माणाधिन 'फाखेल-मातातीर्थ-सतुंगल' सडक ।

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशको राजधानी हेटौंडा र संघीय राजधानी काठमाडौंलाई जोड्ने सबैभन्दा छोटो दुरीको 'फाखेल-मातातीर्थ-सतुंगल' सडक निर्माण कार्य सुस्त देखिएको छ । सामरिक महत्वको वैकल्पिक मार्गका रुपमा रहेको १४ किलोमिटर लम्बाइको 'फाखेल-माताातीर्थ-सतुंगल' सडक निर्माण सुरु भएको ७ वर्ष बितिसक्दा पनि सम्पन्न हुन सकेको छैन ।

प्रदेश सरकारको 'गौरवको आयोजना' र प्रदेश सडक गुरुयोजनामा समेटिएको उक्त सडक निर्माणमा ढिलाइ भएको हो । बागमती प्रदेश सरकारको लगानीमा निर्माण भइरहेको उक्त सडक काठमाडौं-हेटौंडा जोड्ने छोटो दुरीको मार्ग हो । यो सडकको इतिहास निकै लामो छ । तत्कालीन जिल्ला विकास समिति काठमाडौंले २०५५ सालमा यसको ट्र्याक खोल्ने काम सुरु गरेको थियो । भौगोलिक विकटता र पर्याप्त बजेटको अभावमा ट्र्याक खोल्नै झन्डै १२ वर्ष लाग्यो । ट्र्याक खुलेको करिब एक दशकसम्म सडकको स्तरोन्नति हुन सकेको थिएन ।

प्रदेश सरकारले उक्त सडकलाई प्राथमिकताका साथ अघि बढाउँदै २०७६ जेठ १७ गतेबाट निर्माण थालेको थियो । प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयमार्फत बजेट विनियोजन गरी सडकलाई स्तरोन्नति सहित आधुनिक र सुविधासम्पन्न बनाउने गरी काम अघि बढाइएको थियो । तर, निर्माण थालिएको ७ वर्ष अवधि पुरा हुँदा समेत उक्त कार्य सम्पन्न हुन सकेको छैन । कुल १४ दशमलव ४ किलोमिटर लम्बाइको उक्त सडकलाई प्रभावकारी रुपमा सम्पन्न गर्न मकवानपुर र काठमाडौं गरी दुई खण्डमा विभाजन गरेर ठेक्का लगाइएको थियो । तर, उक्त सडकको प्रगति सन्तोषजनक हुन सकेको छैन ।

मकैबारीदेखि माताातीर्थसम्मको ८ दशमलव १ किलोमिटर सडक खण्डको कार्य प्रगति न्युन देखिएको छ । पूर्वाधार विकास कार्यालय ललितपुरमार्फत अमर कन्स्ट्रक्सनले २०७६ मा भ्याटसहित करिब २८ करोड रुपैयाँमा यसको ठेक्का लिएको उक्त खण्डको काम लक्ष्य अनुसार हुन सकेको छैन । सम्झौताअनुसार काम नहुँदा कम्पनीले हालसम्म पटक-पटक गरी ५ पटक म्याद थपिसकेको छ । तर, प्रगति भने सुस्त छ । पूर्वाधार विकास कार्यालय ललितपुरका प्रमुख राजु श्रेष्ठका अनुसार निर्माण कम्पनीले हालसम्म भौतिक प्रगति ६७ प्रतिशत र वित्तीय प्रगति ६६ दशमलव ०२ प्रतिशत रहेको उनले बताए । काममा चरम ढिलासुस्ती भएपछि प्रदेश सरकारले निर्माण कम्पनीलाई ठेक्का रकमको १० प्रतिशत जरिवाना लगाएको छ । यातायात पूर्वाधार निर्देशनालयका प्रमुख नवीन सिंहका अनुसार उक्त जरिवाना रकम निर्माण कम्पनीले पाउने भुक्तानीबाट कट्टा गरिनेछ । निर्माण कम्पनीले पछिल्लो पटक बैशाख मसान्तसम्म काम सक्ने प्रतिबद्धता जनाए पनि उक्त अवस्था नरहेको उनले बताए ।

### मकवानपुर खण्ड अन्तिम चरणमा

सो सडक अन्तर्गत मकवानपुर तर्फको खण्डको काम भने अन्तिम चरणमा पुगेको छ । मकवानपुर खण्डमा सदाशिव हिमाल कन्स्ट्रक्सनले २०८० जेठमा २ वर्षभित्र काम सक्ने गरी करिब १८ करोड ४६ लाख रुपैयाँ लागतमा सम्झौता गरेको थियो । निर्धारित समयमा काम सम्पन्न हुन नसकेपछि आगामी जेठ २५ गतेसम्मका लागि एक वर्ष म्याद थप गरिएको थियो । सो खण्डमा हालसम्म भौतिक प्रगति ९० प्रतिशत र वित्तीय प्रगति ७२ दशमलव ३५ प्रतिशत रहेको पूर्वाधार विकास कार्यालय मकवानपुरले जनाएको छ ।

कार्यालयका प्रमुख सुजन भण्डारीका अनुसार सडक चौडाइ, सब-बेस, कल्भर्ट, टेवा पर्खाल र नाली निर्माणका काम सम्पन्न भइसकेका छन् भने बेस ओछ्याउने काम ८० प्रतिशत पूरा भएको छ । हालसम्म करिब तीन किलोमिटर सडक कालोपत्रे तथा ढलान भइसकेको र बाँकी रहेको ३ दशमलव ३ किलोमिटर सडक बैशाखसम्म सम्पन्न गर्ने लक्ष्य राखिएको कार्यालय प्रमुख भण्डारीले बताए । महालक्ष्मी खोलादेखि काठमाडौंको कलंकीसम्म करिब २० किलोमिटर दूरी रहने उक्त सडक समयमै सम्पन्न हुन सकेमा काठमाडौं-हेटौंडा यात्रा छोटो र सहज हुने अपेक्षा गरिएको छ । प्रदेश राजधानी र संघीय राजधानी जोड्ने अन्य मार्गमध्ये यो सबैभन्दा छोटो दूरीको मार्ग मानिन्छ ।

हेटौंडाबाट कुलेखानीसम्म एउटै मार्ग प्रयोग गर्नुपर्ने हुन्छ । त्यसपछि सिस्नेरी-दक्षिणकाली, फाखेल-हुमाने-फर्पिङ र महालक्ष्मीखोला-माताातीर्थ गरी तीन विकल्पमध्ये यो मार्ग सबैभन्दा छोटो रहेको छ । चखेल क्षेत्र तरकारी पकेट क्षेत्रका रुपमा विकास भइरहेकाले सो क्षेत्रको उत्पादित तरकारी काठमाडौंको कालिमाटीसम्म सहज रुपमा ढुवानी गर्न तथा आवतजावतलाई थप सहज बनाउन यो सडक महत्वपूर्ण हुने अपेक्षा गरिएको छ ।

# सऱ्यो प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सारिएको छ । बागमती प्रदेश खेलकुद विकास परिषद्ले आयोजना गर्न लागेको प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सारिएको हो ।

परिषद्को पूर्व निर्धारित कार्यक्रम अनुसार जेठ १ गतेदेखि ३ गतेसम्म सञ्चालन हुने भनिएको थियो । परिषद्ले विद्याथीहरुको परीक्षाको कारण प्रतियोगिता सारेको जनाएको छ । परिषद्का सदस्य सचिव दीपक लामाका अनुसार प्रतियोगिताको मिति जेठ १३ गतेदेखि १५ गतेसम्म सञ्चालन हुने गरी तयारी गरिएको छ ।

प्रतियोगितामा सहभागी हुने विद्यार्थीको वार्षिक परीक्षाको कारण साविकको मितिमा प्रतियोगिता सञ्चालन गर्न असहज हुने देखिएकाले मिति परिवर्तन गरिएको उनले बताए । परिषद्ले जिल्ला छनोटबाट आएका सम्पूर्ण खेलाडी, प्रशिक्षक तथा अफिसियलहरुलाई नयाँ तय गरिएको मितिमा सहभागी हुन र सोही अनुसार तयारी अवस्थामा रहन उनले आग्रह गरे ।

प्रतियोगिता मकवानपुर र काठमाडौंमा सञ्चालन हुने उनले बताए । परिषद्ले १३ वटै जिल्ला खेलकुद विकास समितिलाई सहभागी हुने खेलाडी, प्रशिक्षक र अफिसियलहरूको विवरण यथाशीघ्र परिषद्मा पठाइदिन समेत उनले निर्देशन दिएका छन् ।

# हेटौंडा फुटबल एकेडेमीलाई जर्सी सहयोग




जर्सी हस्तान्तरण गरिँदै ।

समाज संवाददाता

हेटौंडा : हेटौंडा फुटबल एकेडेमीलाई जर्सी सहयोग प्राप्त भएको छ । आइतबार हेटौंडा-८, कमानेस्थित कमाने एकेडेमीले हेटौंडा फुटबल एकेडेमीलाई जर्सी सेट सहयोग गरेको छ ।

रुपन्देही जिल्लाको बुटवल उपमहानगरपालिकामा जारी दोस्रो उपमेयर कप राष्ट्रिय महिला फुटबल प्रतियोगितामा सहभागी हुने हेटौंडा एकेडेमीलाई कमाने एकेडेमीले करिब २० हजार रुपैयाँ बराबरको १८ थान जर्सी सेट सहयोग गरेको हो । प्रतियोगितामा सहभागी हुन हेटौंडा फुटबल एकेडेमीका महिला टोली आइतबार बुटवल प्रस्थान गरेको छ ।

हेटौंडा एकेडेमीले सोमबार विभागीय टोली नेपाल पुलिस क्लबसँग प्रतिस्पर्धा गर्नेछ । विजेता टोलीले सेमिफाइनलमा प्रवेश गर्नेछ । प्रतियोगिताको उपाधि विजेताले २ लाख ५० हजार रुपैयाँ र उपविजेताले १ लाख २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै, सर्वोकृष्ट खेलाडीले २५ हजार तथा विधागत उत्कृष्ट खेलाडीले जनही १० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् ।

# स्वास्थ्य शिविरमा ६० जनाले लिए सेवा

समाज संवाददाता

हेटौंडा : मकवानपुरको बागमती गाउँपालिकामा अपाङ्गता भएकाहरुका लागि निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ । आइतबार बागमती गाउँपालिकाको आर्थिक सहयोग तथा मकवानपुर अपाङ्ग उत्थान समाजको आयोजनामा शिविर सञ्चालन भएको हो ।

बागमती-४, झुरझुरेस्थित सामुदायिक आँखा केन्द्रमा भएको शिविरमा ६० जनाले सेवा लिएको मकवानपुर अपाङ्ग उत्थान समाजका सचिव कान्तिराज मैनालीले जानकारी दिनुभयो । सचिव मैनालीका अनुसार शिविरमा फियोथेरापी, हाडजोर्नी तथा नाशाको परीक्षण गरिएको थियो । शिविरमा स्वास्थ्य परीक्षण गरिनुका साथै निःशुल्क औषधि पनि वितरण गरिएको थियो ।

शिविरमा स्वास्थ्य परीक्षण गरेकाहरु मध्येबाट ५ जनालाई बनेपाको अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्रमा उपचारका लागि सिफारिस गरिएको उहाँले बताउनुभयो । उनीहरूको सम्पूर्ण उपचार खर्च बागमती गाउँपालिकाले व्यहोर्ने छ ।

## फुल फर्निस्ड सटर बिक्रीमा

**हेटौंडा-४, हेटौंडा क्याम्पस अगाडि रहेको लेडिज फेन्सी तथा कस्मेटिक्स पसल सञ्चालन गर्न उपयुक्त हुने फुल फर्निस्ड सटर बिक्रीमा रहेकोले व्यवसाय गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।**

सम्पर्क : ९८४५१-२७०३८

## हत्याको आरोपमा...

जिल्ला प्रहरी कार्यालय मकवानपुरले पुराना र थाँती रहेका मुद्दाहरुको अनुसन्धानलाई पुनः तीव्रता दिने क्रममा अभियुक्तहरुलाई पक्राउ गरिएको प्रहरी निरीक्षक राजु कुर्मीले बताए । उनका अनुसार, आपसी विवादका कारण भएको उक्त घटना फाइल सुरुमा सरकारी वकिल हुँदै अदालतसम्म पुगेको थियो । तर , पोस्टमार्टम र घाउचोटको रिपोर्टका आधारमा अदालतले थप अनुसन्धान आवश्यक देखिएको भन्दै फाइल प्रहर ीमा फिर्ता पठाएको उनले बताए । सोही बमोजिम प्रहरीको अनुसन्धान रहेको उक्त फाइललाई सुक्ष्म रुपमा अध्ययन गरेर अघि बढाएको उनले बताए ।

प्रहरी निरीक्षक कुर्मीले प्रहरीले पुराना फाइलहरूलाई थन्क्याएर मात्र नराखी तिनको सफल अनुसन्धान गरी नतिजा निकाल्न सक्रियता देखाएको बताए । पक्राउ परेका व्यक्तिहरूको वयान लिने र थप कानुनी प्रक्रिया अगाडि बढाउने कार्य भइरहेको उनको भनाइ छ । उक्त विषयमा थप विवरण खुल्न अध्ययनको क्रममा रहेको उनले बताए ।

सामुदायिक रेडियो,
रेडियो निकास ९३.४
मेगाहर्ज सुनौं
र सुनाऔं

## स्थानीय तह र विद्यालयबीच...

सरकारले सरोकारवालासँग छलफल गरेर व्यवहारिक निर्णय लिन सक्छ ।'

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विद्यालय शिक्षा व्यवस्थापनको अधिकार स्थानीय तहलाई दिएको भए पनि सार्वजनिक बिदा कार्यान्वयन र विद्यालय सञ्चालनसम्बन्धी स्पष्ट कार्यविधि भने अझै देखिएको छैन । यसबीच हेटौंडा उपमहानगरपालिकाका शिक्षा शाखा प्रमुख तथा वरिष्ठ विद्यालय निरीक्षक हरिचन्द्र सापकोटाले सार्वजनिक बिदाका दिन विद्यालय सञ्चालन गर्न नगरपालिकाले हालसम्म कुनै औपचारिक अनुमति नदिएको स्पष्ट पार्नुभएको छ । उहाँका अनुसार संघीय सरकारले आइतबार सार्वजनिक बिदा दिने निर्णय लागू गरेपछि स्थानीय तह पनि त्यसैअनुसार अघि बढिरहेको भए पनि विद्यालय सञ्चालनबारे स्पष्ट कार्यविधि अझै तयार भइसकेको छैन । 'उपमहानगर पालिकाले विद्यालय खोल्न अनुमति दिएको अवस्था होइन', उहाँले भन्नुभयो, 'अहिले हामी छलफल र समन्वयकै चरणमा छौं ।'

तर व्यवहारमा भने हेटौंडाका धेरै निजी विद्यालय आइतबार पनि सञ्चालन भइरहेका छन् । निजी विद्यालय सञ्चालकहरूका अनुसार एउटै क्षेत्रमा केही विद्यालय खुल्ने र केही बन्द रहने अवस्था सिर्जना भएपछि अभिभावकबाट दबाब आउन थालेको छ । जीएस निकेतन विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष तथा संस्थागक विद्यालय अभिभावक संघ मकवानपुरकी अध्यक्ष रामिला सापकोटाले निजी विद्यालयहरूले सरकारको निर्णय अस्वीकार गर्ने उद्देश्यले नभई व्यवहारिक दबाबका कारण विद्यालय सञ्चालन गर्नुपरेको बताउनुभयो । उहाँका अनुसार सुरुका केही सातासम्म धेरै विद्यालयले आइतबार बिदा कार्यान्वयन गरेका थिए । तर छिमेकी विद्यालय खुल्न थालेपछि अभिभावकहरूले आफ्ना बालबालिका पछाडि पर्ने चिन्ता व्यक्त गर्न थालेका थिए । 'एउटा विद्यालय बन्द हुने र अर्को विद्यालय खुल्ने अवस्था भएपछि अभिभावकबाट ठूलो दबाब आयो', उहाँले भन्नुभयो, 'शिक्षामा एकरूपता नभएसम्म यस्तो अन्योल कायम रहन्छ ।'

अध्यक्ष सापकोटाले सामुदायिक विद्यालय बन्द रहने तर निजी विद्यालय खुल्ने अवस्थाले शिक्षामा विभेद झन् गहिरिने चेतावनी दिनुभयो । उहाँका अनुसार आर्थिक रूपमा कमजोर परिवारका बालबालिका घरमै बस्नुपर्ने तर निजी विद्यालयका विद्यार्थी नियमित कक्षामा सहभागी हुन पाउने अवस्था सिर्जना हुँदा धनी र गरिबबीचको शैक्षिक दूरी बढ्ने खतरा देखिएको छ । उहाँले स्थानीय सरकार, प्याब्सन र शिक्षा सरोकारवालाबीच समन्वय गरेर जिल्लाभर एउटै नीति लागू गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

यसैबीच स्थानीय अभिभावक सुष्मा देवकोटासँग गरिएको कुराकानीमा पनि दुई दिने बिदाप्रति अभिभावकको व्यावहारिक गुनासो देखिएको छ । देवकोटाले आफू व्यापार व्यवसायमा संलग्न भएकाले बच्चालाई घरमा राख्न कठिन हुने बताउँदै विद्यालय नै बच्चाका लागि उपयुक्त स्थान भएको धारणा राख्नुभयो । उहाँका अनुसार छिमेकी विद्यालय सञ्चालन भइरहँदा आफ्ना बालबालिका पछाडि पर्ने डर अभिभावकमा बढेको छ । 'विद्यालयले कोर्स सकिन्न भनेर हतार गरिरहेको छ', उहाँले भन्नुभयो, 'हप्तामा चार दिन पढाएर मात्र पुग्छ जस्तो लाग्दैन । पहिल्यै हाम्रो बालजागृतिमा शुक्रबार 'बुक फ्रि फ्राइडे' हुन्छ ।'

उहाँले लगातार दुई दिन कक्षा नहुँदा बालबालिकाको पढाइको लय बिग्रने र अतिरिक्त क्रियाकलापमै समय बढी जाने अवस्था देखिएको बताउनुभयो । साथै सरकारले अनिवार्य रूपमा बिदा कार्यान्वयन गराए आफूहरू त्यसको विरोधमा नरहने पनि उहाँले स्पष्ट पार्नुभयो । 'सरकारले केही सोचेरै यस्तो निर्णय लिएको हुन सक्छ', उहाँले भन्नुभयो, 'तर फेरि विद्यालयले पठाउनुपर्छ भन्यो भने पनि हामी बच्चालाई घरमै राख्दैनौं ।' शिक्षा क्षेत्रका जानकारहरू भने संघीय सरकारको निर्णय प्रभावकारी रूपमा कार्यान्वयन गर्न विद्यालय शिक्षासम्बन्धी स्पष्ट कार्यविधि र एकीकृत नीति आवश्यक रहेको बताउँछन् ।

## खेलकुद महोत्सवको...

गरिएको छ । एथ्लेटिक्सतर्फ सिनियर र जुनियर छात्र तथा छात्राको विभिन्न दुरीको दौड, लङ्जम्प, ट्रिपलजम्प तथा सटपुट प्रतियोगिता भएको थियो ।

हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडाका सामुदायिक तथा संस्थागत विद्यालयबाट २०८२ सालको आधारभूत तह (कक्षा ८) को परीक्षामा सहभागी भई उत्कृष्ट नतिजा ल्याउन सफल विद्यार्थी, उनीहरूका अभिभावक र शिक्षकलाई सम्मान गरिएको थियो । अंग्रेजी, गणित, विज्ञान, नेपाली, सामाजिक, स्वास्थ्य तथा शारीरिक, हाम्रो हेटौंडा विषयमा उच्चतम अङ्क ल्याउने विद्यार्थी तथा सम्बन्धित शिक्षकलाई नगद पुरस्कारसहित सम्मान गरिएको हो । परीक्षामा ४ जीपीए ल्याउने विभिन्न विद्यालयका ११ जना विद्यार्थीलाई पनि नगद पुरस्कारसहित सम्मान गरिएको छ ।

शैक्षिक गुणस्तर सुधार समितिका अध्यक्ष श्रीराम दहालको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रमका विशिष्ट अतिथि एवम् हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देलले वडाले शिक्षा र खेलकुदलाई प्राथमिकतामा राखेर यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिँदै आएको बताउनुभयो । कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्ड हेटौंडा शाखाका प्रमुख बद्री पाठक, १० नम्बर वडा अध्यक्ष फुर्वा दोर्जे लामा, ११ नम्बर वडा अध्यक्ष जुना दहाल, ४ नम्बर वडा सदस्य गीता गौतम त्रिपाठी, ४ नम्बर वडा सचिव रामप्रसाद गुरागाईंलगायतको आतिथ्य थियो । कार्यक्रममा वडाभित्रका विभिन्न विद्यालयका विद्यालय व्यवस्थापन समिति अध्यक्ष, प्रधानाध्यापक, शिक्षकहरुको भुटनदेवी माध्यमिक विद्यालयका प्रधानाध्यापक सूर्यप्रसाद घिमिरे लगायतको उपस्थिति रहेको थियो ।

# हुप्रचौरलाई अझ व्यवस्थित बनाउने

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देलले लोकतान्त्रिक अर्थात् हुप्रचौरलाई अझ बढी व्यवस्थित र वृहत् बनाउने बताउनु भएको छ । हुप्रचौरका विषयमा बाहिर आएका विभिन्न भ्रम र चर्चाका बीच आइतबार पत्रकार सम्मेलन गरेर वडाध्यक्ष सिग्देलले खुला क्षेत्रको संरक्षण र नागरिकका आवश्यकतालाई सन्तुलित ढंगले सम्बोधन गर्न आफू प्रतिबद्ध रहेको स्पष्ट पार्नुभएको छ ।

उहाँले नगर विकास क्षेत्र अन्तर्गतका हुप्र, पशुपति मन्दिर क्षेत्र र चिल्ड्रेन पार्कजस्ता खुला क्षेत्रको सौन्दर्यकरण र संरक्षणमा आफूहरूले २०७४ सालदेखि नै प्राथमिकताका साथ काम गरिरहेको उल्लेख गर्नुभयो । वडाध्यक्ष सिग्देलले विगतमा हुप्रचौर गाईवस्तुको चरन र फोहोर फाल्ने ठाउँका रूपमा रहेको स्मरण गराउँदै अहिले यसलाई पर्खाल लगाएर सुरक्षित बनाइएको जानकारी दिनुभयो ।

निरंकुश राजतन्त्रको समयमा हुप्रलाई साँघुरो पारेर संरचना बनाउँदा मौन बस्नेहरूले अहिले चौरलाई व्यवस्थित बनाउन खोज्दा अवरोध गर्न खोजेको उहाँको भनाइ छ । हाल निर्माण हुन लागेको 'ज्येष्ठ नागरिक भेटघाट कक्ष' का सन्दर्भमा प्रष्ट पार्दै उहाँले वासुदेव सभागृह भत्किएपछि ज्येष्ठ नागरिकहरूका लागि भजनकीर्तन गर्ने र बस्ने ठाउँको अभाव भएकाले प्रदेश सरकारको सहयोगमा सो कक्ष निर्माण गर्न लागिएको जानकारी दिनुभयो । उक्त संरचनाको सुरुवाती डिजाइनका बारेमा आएका आलोचना र सुझावलाई ग्रहण गर्दै अब कङ्क्रिटको साटो फलामको पिल्लर प्रयोग गरी हल्का संरचना बनाउने निर्णय गरिएको उहाँले बताउनुभयो ।

केही सञ्चारमाध्यम र व्यक्तिहरूले हुप्रचौर कब्जा गर्न लागेको भनी गरिरहेको प्रचारलाई 'गलत र भ्रामक' भन्दै वडाध्यक्ष सिग्देलले हुप्र सधैं खुला चौरकै रूपमा रहने र यसलाई अझ बढी ज्येष्ठ नागरिक, बालबालिका तथा महिलामैत्री बनाइने दृढता व्यक्त गर्नुभयो । हेटौंडा-४ लाई नमुना वडा बनाउने अभियानमा आफूहरू लागिपरेको बताउँदै उहाँले विकासका काममा राजनीति नगर्न र विकासलाई अपराधीकरण नगर्नसमेत आग्रह गर्नुभयो । केही सञ्चार माध्यमले आफूले नबोलेको कुरा छापेर गलत प्रचार गरेको दाबी गर्दै उहाँले तथ्यमा आधारित रहेर समाचार सम्प्रेषण गर्न सञ्चारकर्मीहरूको ध्यानाकर्षण गराउनुभयो । शिक्षा, स्वास्थ्य र सरसफाइमा नमुना काम भइरहेको दाबी गर्दै उहाँले हुप्रचौरको विकास सबैको साझा हितका लागि हुनेमा जोड दिनुभयो ।

# सिन्धुली र चितवनमा एकैदिन ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडा : प्रदेशको सिन्धुली र चितवन जिल्लामा एकैदिन छुट्टाछुट्टै दुर्घटनामा ३ जनाको मृत्यु भएको छ । चितवनमा दुई जना र सिन्धुलीमा एक जना गरी तीनजनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

सिन्धुलीको दुधौली नगरपालिका-४, पाखाभित्तामा चट्याङ लागेर एक जना वृद्धको मृत्यु भएको छ । शनिबार राती वर्षासँगै परेको चट्याङ लागेर स्थानीय ७० वर्षीय पूर्णबहादुर बुढाथोकी घाइते भएका थिए । उपचारका लागि सिर्थौली नगर अस्पताल लगिएकोमा डाक्टरले बुढाथोकीलाई राती १० बजेर ५० मिनेटको समयमा मृत्त घोषणा गरेको हो ।

चितवनको राप्ती नगरपालिका-७ वीरेन्द्रनगरमा टिप्परको ठक्करबाट एक बालकको मृत्यु भएको छ । पूर्व-पश्चिम राजमार्गमा शुक्रबार खैरहनीदेखि भण्डारातर्फ जाँदै गरेको बा प्र ०३-००१ ख ११९७ नम्बरको टिप्परको ठक्करबाट बाटो काट्ने क्रममा राप्ती नगरपालिका-१, परेवाकोटका ८ वर्षीय इसाक प्रजा गम्भिर घाइते भएका थिए । प्रजाको उपचारको क्रममा पुष्पाञ्जली अस्पताल भरतपुरमा शनिबार बिहान ४ बजेर २१ मिनेटमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । चितवन मेडिकल कलेज भरतपुरमा उपचार पश्चात घाइतेलाई पुष्पाञ्जली अस्पताल लगिएको थियो । टिप्पर र टिप्पर चालक राप्ती नगरपालिका-६, भण्डाराका ३० वर्षीय सञ्जय मोक्तान प्रहरीको नियन्त्रणमा रहेको छ ।

यस्तै, चितवनकै रत्ननगर नगरपालिकामा मोटरसाइकलको ठक्करबाट एक जना पैदलयात्रीको मृत्यु भएको छ । रत्ननगर-१ स्थित भित्री सडक खण्डमा टाँडीबाट भट्टचोकतर्फ जाँदै गरेको ग ८ प २००८ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री रत्ननगर-१४ की ७५ वर्षीय कृष्णमाया मगर गम्भिर घाइते भएकी थिइन् । स्थानीय बकुलहर अस्पताल टाँडीमा उपचारको क्रममा राती ७ बजेर २२ मिनेटको समयमा डाक्टरले मगरलाई मृत्त घोषणा गरेको हो । मोटरसाइकल र चालक रत्ननगर-१५ बस्ने ४५ वर्षीय सगुन पण्डित प्रहरीको नियन्त्रणमा रहेको छ ।

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

**ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
–थाईराईड
–क्यान्सर
–रक्तअल्पता
–वाथरोग
–बाांझोपन
–भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जााचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७




Contact : 9807171993/9741681458 TCN Road-10
नोट : हामी कहाँ सबै किसिमका बाइक तथा स्कुटर एक्सचेन्ज गरिन्छ ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email: sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ